श्री उच्च अदालत जनकपुर
अस्थायी इजलास वीरगंज को
यस्मा द.नं. ...
सरोकारवाला ...
आफ्नै अदालतका तर्फबाट सराई लान
लाने दस्तुर पृष्ठ ... रु. ...
रु. ... सम्म को
नक्कल प्रतिलिपि दिने
मिति ...

श्री
उच्च अदालत जनकपुर
अस्थायी इजलास वीरगंज
एकल न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सुदर्शनदेव भट्ट

आदेश

निवेदन नम्बरः- ०७९-WO-०२१८

मुद्दाः-उत्प्रेषण /परमादेश।

राष्ट्रिय निजी तथा आवासिय विद्यालय एसोसियसन नेपाल ऐन प्याब्सन पर्साका तर्फबाट अख्तियार प्राप्त प्रमोद कुमार रायमाझी..........................................................................................निवेदक

बिरुद्ध

वीरगंज महानगरपालिकाको कार्यालय समेत..........................................................................................विपक्षी

निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुधिर कुमार कर्णले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग अनुसारको उत्प्रेषण/परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? निवेदकको निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए विपक्षी नं. १, २, ३, ४, ५, ६ र ७ को हकमा आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत तथा विपक्षी नं. ८ को हकमा उच्च सरकारी वकिल कार्यालय वीरगंज मार्फत भएको सवुत प्रमाण सहित सुचना म्याद तामेल भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र लिखित जवाफ पेश गर्नुहोला भनी विपक्षीहरुको नाममा यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सुचना जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछी नियमानुसार गरी पेश गर्नुहोला।

निवेदकले अन्तरीम आदेश समेत जारी गरी पाउँ भनि माग गरे सम्बन्धमा विचार गर्दा, शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा विपक्षी वीरगंज महानगरपालिकाको शिक्षा ऐनले विद्यालयको स्तर तथा शुल्क निर्धारण सम्बन्धमा तोकेको समायावधि भन्दा बाहिर गई विद्यालय स्तर तथा शुल्क निर्धारण भएको देखिदां विपक्षी वीरगंज महानगरपालिकाका विद्यालय स्तरिकरण शुल्क निर्धारण समितिको मिति २०७९।८।१९ र २०७९।८।२० गतेमा गरेको विद्यालयको वर्गिकरण तथा शुल्क निर्धारण सम्बन्धमा गरेको निर्णय र सो निर्णयका आधारमा प्रकाशित मिति २०७९।८।२१ को पत्र समेत प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागे सम्म वा शिक्षा नियमावलीले विद्यालयको स्तर तथा शुल्क निर्धारणका लागि तोकेको समय जुन अघि हुन्छ सो समय सम्म कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षीहरुका नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षी समेतलाई दिई नियमानुसार गरि पेश गर्नुहोला।

न्यायाधीश

इति सम्वत् २०७९ साल पुस महिना ०७ गते रोज ०५ शुभम्..........................................।

CamScanner